# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

## आर्थिक वर्ष २०७५/७६ का लागि

## प्रदेश सरकारबाट स्थानीय तहमा हुने सवारी साधन कर बाँडफाँटसम्बन्धी सिफारिस

असार, २०७५

काठमाडौं

**पृष्ठभूमिः**

नेपालमा संघीयताको कार्यान्वयनसँगै प्रदेश र स्थानीय सरकारले विभिन्न प्रकारका करहरु परिचालन गर्ने अधिकार प्राप्त गरेका छन्। केही करहरू प्रदेश र स्थानीय तहको एकल अधिकारको सूचीमा रहेका छन भने केही करहरू प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेका छन्। संविधानको अनुसूचीमा प्रदेश र स्थानीय तह दुवैको अधिकार क्षेत्रमा सवारी साधन कर लगायतका करहरूको व्यवस्था रहेको छ । प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत रहेका करमध्ये सवारी साधन कर प्रदेश र स्थानीय तहको आन्तरिक राजस्वको एक महत्वपूर्ण स्रोत हो।

प्रदेश र स्थानीय तह दुवैको साझा अधिकार क्षेत्रभित्र रहेका सवारी साधन कर लगायतका करहरू सम्वन्धित प्रदेश तथा स्थानीय तहका जनताहरुलाई लगाईने भएकाले कर लगाउने, उठाउने तथा अन्य व्यवस्थापन लगायतका विषयमा दोहोरो प्रशासनिक व्यवस्था भएमा कर संकलन लागत बढ्नुका साथै आम जनतालाई बढि बोझिलो तथा झन्झटिलो हुने देखिन्छ । यसर्थ, नेपालको प्रचलित संघीय कानूनमा प्रदेश र स्थानीय तहको दोहोरो क्षेत्राधिकारमा रहेका करहरुको एकल प्रशासन कायम गरी त्यस्ता करबाट उठ्ने राजस्व प्रदेश र स्थानीय तहविच बाँडफाँट गर्ने व्यवस्था गरिएको छ ।

**आर्थिक विधेयक, २०७५ मा भएको व्यवस्थाः**

- आर्थिक विधेयक, २०७५ मा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लाई संशोधन गरी प्रदेश र स्थानीय तह दुवैको साझा अधिकार क्षेत्रभित्र रहेका करहरू एकै तहबाट संकलन गर्ने र उक्त संकलित कर बाँडफाँट गर्ने व्यवस्था गरिएको,
- सवारी साधन करको दर निर्धारण र संकलन प्रदेशले गर्ने र यसबाट संकलन भएको राजस्व प्रदेश र स्थानीय तहबीच बाँडफाट गर्ने व्यवस्था गरिएको,
- प्रदेश सरकारले सवारी साधन कर संकलन गरी त्यस्तो रकम प्रदेश विभाज्य कोषमा दाखिला गरी प्रदेश र सम्बन्धित प्रदेश भित्र रहेका स्थानीय तहहरूबीच बाँडफाँट गर्नुपर्ने,
- सवारी साधन कर मध्ये ६०% रकम प्रदेश सरकारले र ४०% रकम सम्बन्धित प्रदेश भित्रका स्थानीय तहका सञ्चित कोषमा दाखिला हुने गरी बाँडफाँट गर्नुपर्ने,
- प्रदेश विभाज्य कोषबाट स्थानीय तहहरू बीच हुने सवारी साधन करको बाँडफाँट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने।

**प्रदेश सरकारबाट स्थानीय तहमा सवारी साधन कर बाँडफाँटका आधारहरूः**

प्रदेश विभाज्य कोषबाट स्थानीय तहमा हुने सवारी साधन कर बाँडफाँटका आधारहरू चयन गर्दा कर उठ्ने स्रोत, कर आधार, व्यवस्थापन, पुनःवितरण तथा त्यस्तो सवारी साधनको प्रयोगबाट हुने वातावरणीय असर जस्ता महत्वपूर्ण आयामहरूलाई दृष्टिगत् गरिएको छ। आर्थिक वर्ष २०७५/७६ मा प्रदेश सरकारबाट स्थानीय तहमा सवारी साधन करबाट उठेको राजस्व बाँडफाँटका लागि देहायका आधारहरू लिइएका छन्।

क.	जनसंख्या (४५%)

सवारी साधन स्थानीय जनताले प्रयोग गर्छन भने उक्त सवारी साधन प्रयोगबाट सिर्जना हुने असरका भागिदार पनि तहाँ रहेका जनता नै हुन्छन् । उक्त क्षेत्रमा संचालनमा रहेका सवारी साधनहरुबाट संकलन हुने सवारी साधन करमा सोही क्षेत्रका प्रभावित जनताको अधिकार रहने हुँदा सवारी साधन करबाट उठेको राजस्व बाँडफाँटको प्रमुख आधार स्थानीय तहको कुल जनसंख्या अनुपातलाई ४५% भार दिइएको छ।

ख.	सडक लम्बाई (५०%)

सडक सञ्जाल अधिक भएको क्षेत्रमा सवारी साधनको चाप अधिक हुने, ध्वनी तथा वातावरण प्रदुषण बढी हुने र सडक निर्माण तथा मर्मत लगायतका कार्यमा सार्वजनिक लागत बढी लाग्ने हुनाले प्रदेश भित्र भएको कुल सडक लम्बाईसँग प्रत्येक स्थानीय तहको सडक लम्बाईको अनुपातलाई ५०% भार दिइएको छ।

ग.	वन तथा हरियाली (५%)

सवारी साधनबाट निसृत हुने कार्बनजन्य प्रदुषणबाट मानव स्वास्थ्य तथा वातावरणमा पर्ने असरलाई न्यून गर्न वन तथा हरियालीले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले यसको प्रवर्धनलाई प्रोत्साहन गर्नुपर्ने हुन्छ । यसका साथै वित्तीय समानीकरण अनुदान तथा अन्य श्रोतबाट प्राप्त रकमलाई वातावरण मैत्री तवरले खर्च गर्न समेत अप्रत्यक्ष प्रोत्साहन गर्नुपर्ने हुन्छ । प्रदुषणको तथ्याङ्क उपलब्ध नभएका कारणले सवारी साधनबाट उत्सर्जन हुने कार्बन प्रशोचन (Sequestration) गर्न सघाउ पुऱ्याउने मापकको रुपमा स्थानीय तहमा वनले ढाकेको क्षेत्रको अनुपातलाई ५ प्रतिशत भार दिइएको छ ।

माथिका उल्लिखित आधारमा तयार पारिएको सवारी साधन कर बाँडफाँटको सुचकाङ्क अनुसूचीमा संलग्न गरिएको छ।

## सूचकाङ्क प्रयोग गर्ने तरिका

संलग्न अनुसूचीमा उल्लेख भएको सूचकाङ्कले बाँडफाँटका लागि छुट्याईएको रकमलाई गुणन गरी प्राप्त हुने रकम सम्बन्धित स्थानीय तहले प्राप्त गर्ने रकम हुनेछ ।